नेपाल सरकार
# राष्ट्रिय परीक्षा बोर्ड
## सानोठिमी, भक्तपुर

## विज्ञप्ति

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय (कक्षा १२) द्वारा लिइने माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) का सम्बन्धमा विभिन्न मितिमा विज्ञप्ति जारी गरी जानकारी गराइएकोमा मिति २०८२/०१/११ देखि सञ्चालन हुने भनिएको परीक्षा पछिल्लो पटक सूचना जारी गरी मिति २०८२/०१/२१ गतेदेखि सञ्चालन हुने गरी समयतालिका सार्वजनिक गरिएको बेहोरा अवगत नै छ । नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र नेपाल शिक्षक महासङ्घ बिच सम्झौता भई महासङ्घद्वारा जारी आन्दोलन स्थगन भइसकेको अवस्थामा कक्षा १२ को वार्षिक परीक्षा तोकिएकै मिति (२०८२ वैशाख २१ गतेदेखि ऐ. जेठ २ गतेसम्म) र समयमा निर्धारित परीक्षा केन्द्रहरूमा सञ्चालन हुने बेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

राष्ट्रिय परीक्षा बोर्डद्वारा सञ्चालन हुने कक्षा १२ को वार्षिक परीक्षाका बारेमा राष्ट्रिय परीक्षा बोर्डको लोगो प्रयोग गरी अनाधिकृत रूपमा विभिन्न सामाजिक सञ्जालमा भ्रामक सूचना संप्रेषण भएको सम्बन्धमा समेत बोर्डको गम्भीर ध्यानाकर्षण भएको छ ।

बोर्डको आधिकारिक अन्य कुनै Facebook page नभएको बेहोरा समेत जानकारी गराउँदै बोर्डको आधिकारिक सूचना बोर्डले आफ्नो Website: https://neb.gov.np मार्फत सार्वजनिक गर्दै आएको र आगामी दिनमा समेत सो मार्फत आधिकारिक सूचना प्रवाह गरिने हुँदा बोर्डको सूचना प्राप्त गर्न अन्य स्रोतबाट प्रवाह हुने सूचनामा भर नपरी बोर्डको आधिकारिक website मार्फत प्रवाह हुने सूचनाबाट मात्र जानकारी लिनुहुन समेत अनुरोध छ ।

परीक्षा सञ्चालनका सम्बन्धमा सम्बन्धित निकायहरूलाई यस पूर्व नै आवश्यक पत्राचार गरिसकिएकोले सम्बन्धित निकायहरूबाट परीक्षा सञ्चालनको पूर्व तयारीका बाँकी सम्पूर्ण कार्यहरू सम्पन्न गरी/गराई तोकिएको मितिमा मर्यादित, व्यवस्थित र शान्तिपूर्ण वातावरणमा परीक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउनुहुन यस कार्यमा संलग्न हुने सम्पूर्ण केन्द्राध्यक्षज्यूहरू, शिक्षक, कर्मचारी एवं सुरक्षा निकायमा हार्दिक अनुरोध छ । साथै यस कार्यमा आवश्यक सहयोग र समन्वयका लागि समेत अभिभावक, सञ्चारकर्मी तथा सम्पूर्ण सरोकारवालाहरूमा राष्ट्रिय परीक्षा बोर्ड हार्दिक अपिल गर्दछ ।

**परीक्षा नियन्त्रक**
२०८२/०१/१८